सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(स्वास्थ्य शाखा)
साल्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

अध्यक्ष – ९८०७९२५८५५
उपाध्यक्ष - ९८५२६८११७१
प्र.प्र.अ. –९८५२६६०१५३

सुचना नं.-०३-२०७८/०७९ (कोभिड कन्ट्रोलरुम)

मितिः-२०७८/१०/०७

## विषयः कोरोना प्रकोप रोकथाम सम्बन्धमा।

प्रस्तुत विषयमा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक नं. ९७-०८-२०७८/०७९ मिति २०७८-१०-०५ गतेको बैठक तथा स्थानिय तह स्तरीय संकट व्यवस्थापन केन्द्रको मिति २०७८-०९-३० गतेको बैठकको निर्णयानुसार कोरोना भाईरसको नयाँ भेरियन्ट सहितको तेस्रो लहरको कारण उत्पन्न प्रतिकुल अवस्थालाई मध्यनजर गर्दै प्रकोप रोकथाम तथा नियन्त्रणको लागि निर्णयको संक्षिप्त व्यंहोरा देहाय बमोजिम भएकाले आवश्यक कार्यान्वयन सहित सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**देहायः**

१. प्रभावित क्षेत्र तथा बिदेशबाट आउने नागरिकहरुलाई सम्बन्धित वडाले नै होम आइसोलेशनमा राख्ने व्यवस्था मिलाउने।
२. सम्पुर्ण गाउँवासीहरुले हिडडुल गर्दा तथा सार्वजनिक ठाउँमा उपस्थित हुदाँ अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने तथा एक व्याक्ति देखी अर्को व्याक्ति विच सुरक्षित दुरी कायम गर्ने ।
३. यस गाउँपालिका मातहतका कार्यालयवाट सेवा प्रवाहमा खोप कार्ड अनिवार्य गर्ने र खोप नलगाएको व्याक्तिको विवरण संकलन गरी खोपको व्यवस्था गर्ने।
४. गाउँपालिका तथा वडा कार्यालय, स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीलाई आबश्यक मास्क, सेनिटाइजर र फेस सिल्ड लगायत स्वास्थ्य साबधानीका अन्य आबश्यक उपकरणको ब्यबस्था गर्ने।
५. गाउँपालिकाको केन्द्र रहेको भञ्ज्याङ बजार संचालन गर्ने पसल अगाडी साबुन, पानी र स्यानिटाइजरको गर्नु पर्ने।
६. बिबाह, ब्रतबन्ध, बर्खान्त जस्ता सामाजिक कृयाकलापहरुको हकमा आबश्यक स्वास्थ्य सावधानी अपनाई बढीमा १५-२५ जना मात्र सहभागी भई संचालन गर्ने।
७. गाउँघरमा हुने बिभिन्न किसिमका भलिबल,फुटबल जस्ता खेलकुदजन्य गतिबिधि पुर्ण रुपमा बन्द गर्ने।

.............................................
सरोज कार्की
नि. प्रमुख प्रशासकिय अधिकृत

sidingbarmtpj@gmail.com http://www.facebook.com/sidingbamun http://www.sidingbamun.gov.np